
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १ गते आइतबार ❑ 17 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## पोखराको ६३ रोपनी सार्वजनिक जग्गा भाडामा लगाउने सम्झौता खारेज

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

पोखरा उपत्यका नगर विकास समितिले निर्वतमान नगरप्रमुख मानबहादुर जिसीले आफ्नो कार्यकालको अन्तिममा समिति मातहतको विभिन्न तीन स्थानको ६३ रोपनी सरकारी जमिन भाडामा लगाउनेसम्बन्धी गरेको सम्झौता खारेज गरेको छ ।

स्थानीय तह निर्वाचन-२०७९ को मतगणना चल्दै गर्दा र जिसीको कार्यकाल सकिनु दुई दिनअघि गत जेठ ३ गते अपारदर्शी ढङ्गले सार्वजनिक जग्गा निजी क्षेत्रलाई भाडामा दिन सम्झौता गरिएको भन्दै सो विषय सार्वजनिक भएपछि छानबिन समिति बनाइएको थियो । समितिको नाममा रहेको पोखरा-७ राष्ट्र बैंक चोकस्थित गल्फ कोर्स रहेको ४० रोपनी जमिन २५ वर्षलाई, पर्यटन बसपार्कको १५ रोपनी जमिन १० वर्षलाई र पृथ्वीचोकको पाँच रोपनी १० वर्षलाई निजी कम्पनीलाई दिन गरिएको सम्झौता छानबिन समितिको प्रतिवेदनका आधारमा खारेज गरिएको पोखरा महानगर प्रमुख एवं नगर विकास समितिका अध्यक्ष धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार सम्झौता खारेजसँगै यस सम्बन्धमा छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका विभिन्न निकायलाई पत्राचार गर्ने निर्णय भएको छ ।

उहाँले भन्नुभयो, "जमिन भाडामा लगाउने सम्बन्धमा स्थापित कुनै पनि विधि र रीत पूरा नगरेकाले छानबिन समितिको प्रतिवेदनका आधारमा समितिको बैठकबाट सम्झौता खारेज गर्ने निर्णय गरेका छौँ । यसका साथै अनुसन्धानका लागि समेत प्रतिवेदन अख्तियारलगायतमा पठाउने छौँ।" जग्गा तथा संरचना भाडामा लगाउने सम्बन्धमा बोलपत्रसम्बन्धी कागजात तयार गर्ने, सूचना प्रकाशनदेखि सम्झौतासम्मको कार्य प्रक्रियामा विभिन्न त्रुटि रहेको, कागजात केरमेट गर्ने, सच्चाउने, थपघट गर्ने गैरकानुनी कार्य भएको, सम्झौता रीतपूर्वक नभएको र कागजात शङ्कास्पद देखिएको समितिले प्रतिवेदन दिएको थियो । सार्वजनिक जमिन तथा त्यसमा बनेका संरचना क्षेत्रलाई दिएको विषयमा छानबिन गर्न गत साता पाँच सदस्यीय समिति गठन गरिएको थियो । समितिमा नापी कार्यालय कास्कीका प्रमुख दिनेश काफ्लेको संयोजकत्वमा पोखरा-५ का वडाध्यक्ष विष्णुप्रसाद बराल, वडा नम्बर ३१ का देवेन्द्र रानाभाट, अधिवक्ता सुकदेव गौतम र भक्तिपन्द्रराज रेग्मी सदस्य रहनुभएको थियो ।

हाल बन्द रहेको पत्रिकाले जमिन भाडामा दिनेसम्बन्धी सूचना प्रकाशनका लागि मात्र केहीप्रति छापेकाले छानबिनका लागि सूचना विभागलाई समेत पत्राचार गरिने भएको छ । यस्तै, कतिपय कागजात कीर्ते देखिएकाले छानबिनका लागि नेपाल प्रहरीलाई पत्राचार गर्ने समितिले निर्णय गरिएको प्रमुख आचार्यले बताउनुभयो ।

जग्गा तथा संरचना भाडामा लगाउने सम्बन्धमा नगर विकास समितिबाट निर्णय नगरिकनै प्रक्रिया सुरु गरिएको र न्यूनतम भाडा रकम निर्धारण गरिएको तर सोको स्पष्ट आधार नभएको बताइन्छ । यसैगरी भाडामा लगाउनेसम्बन्धी कार्यक्षेत्रगत शर्त तथा सोसम्बन्धी कागजात तयार नगरी सूचना प्रकाशन गरिएको र न्यूनतम मासिक भाडा रकमसमेत जग्गा रहेको स्थान र जग्गाको बजार मूल्यको आधारमा न्यून रहेको समितिको प्रतिवेदनमा उल्लेख छ ।

## कांग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्छ : नेता कोइराला

रासस
चितवन, ३२ असार

नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले सङ्घीय र प्रादेशिक निर्वाचनमा काँग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्ने बताउनुभएको छ ।

नेपाल प्रेस युनियनले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल जारी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल भइरहेको छ, गठबन्धन गर्दै गर्दा काँग्रेसलाई कमभन्दा कम क्षति हुने गरी जानुपर्छ ।" स्थानीय तहको निर्वाचनमा आफ्ना कार्यकर्ताभन्दा पनि मतदाता कति हुन् भन्ने बुझ्न कठिन भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय निर्वाचनमा हामीले रुखमा, हसिया हथौडामा, कलममा, छातामा मतदान गर्न भन्यौँ, तर आफ्ना मतदाता कति हुन् भन्ने बुझ्न सकिएन ।" फरक प्रसङ्गमा उहाँले नेपाली काँग्रेस कुनै समूहको पार्टी नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "काँग्रेस विधिविधानअनुसार हिँड्नुपर्छ ।" पार्टी सभापतिले सबैलाई मिलाएर हिँडाउनुहुन्छ भन्ने चाहना आफ्नो रहेको उहाँले बताउनुभयो । आफू भागबण्डाका पक्षमा नरहेको जनाउँदै उहाँले पार्टी वैधानिकरूपमा चलोस् भन्ने रहेको जिकिर गर्नुभयो ।

आफूसँग विचार मिल्ने साथीसँग छलफल गर्दा भाग खोज्यो भन्नु हल्ला रहेको उहाँको भनाइ थियो । काँग्रेस कम्युनिष्ट प्रवृतिबाट जान नहुने भन्दै उहाँले सरकार र सभापतिले गरेका नकारात्मक कुराको खण्डन गर्दै पार्टी बलियो बनाएर लैजानुपर्ने बताउनुभयो । काँग्रेसको नेतृत्वमा सरकार छ भन्दैमा सरकारले गरेका गलत कामको खण्डन गर्नु हुँदैन भन्ने नरहेको उहाँको भनाइ थियो ।

## क्रान्तिकारीहरु अगाडि बढ्न नसक्ने

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव शंकर पोखरेलले इतिहासको भारीबाट थिचिएर क्रान्तिकारीहरु अगाडि बढ्न नसक्ने बताएका छन् ।

'राजनीतिक यात्रामा इतिहासको भारी बोकेर अगाडि बढ्न सकिँदैन', एमाले महासचिव पोखरेलले शनिवार पोखरामा आयोजित एमाले गण्डकी प्रदेश कमिटीको बैठकलाई सम्बोधन गर्दै भने, 'इतिहासको सम्मान गर्ने हो तर कामलाई नयाँ गतिकासाथ अगाडि बढाउनु पर्दछ । क्रान्तिकारीहरु भारीबाट थिचिएर होइन, सिर्जनात्मक रुपमा अगाडि बढ्छन ।' स्थानीय चुनावमा पहिलो पार्टी भएकोमा गर्व गर्न सक्नुपर्ने बताउँदै उनले कार्यकर्तालाई निरास भएर होइन, उत्साह लिएर आगामी संघ र प्रदेशको चुनावको तयारीमा लाग्न निर्देशन दिए ।

एमालेले बैचारिक रुपमा राष्ट्रको नेतृत्व गरेको स्मरण गर्दै त्यो सन्देशलाई आम जनताको बिचमा पुराउन जोड दिए । वर्तमान सत्ता गठबन्धन विकासका लागि नभएर स्वार्थको गठजोडमा बनेको आरोप लगाउँदै एमाले महासचिव पोखरेलले यो एक बर्षको अवधिमा राष्ट्रको सोधानान्तर स्थिति घाटामा गएको सुनाए । उनले एमालेले सत्तामा छदाँ यो अवस्था बचत भएकोले आर्थिक अवस्था सुदृढ रहेको बताए । पार्टीबाट माधव नेपाल र झलनाथ खनालहरु बाहिरिए पनि अवसरवाद र अराजकतावाद आफुभित्रै रहेकोले त्यसको अन्त्य गर्नुपर्ने बताए । स्थानीय निर्वाचनमा पार्टी हारको कारण आन्तरिक पनि रहेको सुनाउदै यो प्रवृतिविरुद्ध लड्न नेता कार्यकर्तालाई निर्देशन दिए । कमिटीमा रहेर जिम्मेवारी छैन भन्ने गुनासो गर्न नपाईने बताए । गण्डकी प्रदेश कमिटीको ११औं बैठकमा पार्टी उपमहासचिव पृथ्वी सुब्बा गुरुङ, सचिव पद्मा अर्याल लगायतका केन्द्रिय नेताहरु सहभागिता रहेको थियो । एमाले गण्डकी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा भएको बैठकमा पार्टीका जिल्ला अध्यक्ष र इन्चार्जहरुले रिपोर्टिङ गरेका थिए । उनीहरुले स्थानीय तह निर्वाचनको समिक्षा, पार्टीको अवस्था, जिल्लाको राजनीतिक शक्ति सन्तुलन र आगामी कार्ययोजनाको बारेमा बोलेका थिए । बैठकको सञ्चालन सचिव धनञ्जय दवाडीले र स्वागत उपाध्यक्ष मोहन रेग्मीले गरेका थिए । प्रदेश कमिटी बैठकले स्थानीय तहको समिक्षा गर्दै भावी कार्ययोजना निर्माण गरेको गण्डकीका उपसचिव तथा प्रचार विभाग प्रमुख रश्मी आचार्यले बताए । उनका अनुसार साउन ८ गते प्रदेशस्तरीय पार्टी प्रशिक्षण कार्यक्रम, साउन १७ गते जनसंगठनको भेला र साउन २८ गते जनप्रतिनिधीको भेला आयोजना गर्ने निर्णय बैठकले गरेको छ ।

## वाम एकतामा आउन ओलीको आग्रह

रासस
काठमाडौं, ३२ असार

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपालका कम्युनिष्ट पार्टीहरूलाई वामपन्थी एकतामा आउन आग्रह गर्नुभएको छ ।

नेपाल-चीन हिमालयमैत्री समाजले आज यहाँ आयोजना गरेको 'नेपालको भूराजनीतिक अवस्था : चुनौती र अबको बाटो' विषयक कार्यक्रममा उहाँले वामपन्थीहरू एक हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष ओलीले भन्नुभयो, "वामपन्थी कोही हुनुहुन्छ भने गठबन्धन छाड्नुहोस्, वाम एकता गरौं ।" उहाँले देश, राष्ट्रियता, लोकतन्त्र, स्वाधिनताका लागि वामपन्थी मिल्नुपर्ने बताउनुभयो । पूर्वप्रधानमन्त्री ओलीले मुलुकको आधारभूत मूल्य मान्यता राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र, सुशासन र मुलुकको विकासका लागि सबै दल मिल्नुपर्ने भनाइ राख्नुभयो ।

उहाँले चीन र भारतसँग नेपालले सुमधुर सम्बन्ध राख्नुपर्नेमा जोड दिनुभयो । नेता ओलीले आफ्नो मनमा नेपालसँगै मुलुकको स्वाभिमान, स्वतन्त्रता र नेपाली जनताको उन्नति प्रगतिबाहेक अरु केही नभएको प्रष्टिकरण दिनुभयो ।

नेकपा (माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठले वामपन्थी शक्ति एकता भए मात्र मुलुकको स्वाधिनताको रक्षा हुने भन्दै सबैले एकताका लागि पहल लिनुपर्ने बताउनुभयो । उहाँले पार्टी एकता तत्काल नभए पनि मोर्चा वा गठबन्धन गर्नुपर्नेमा जोड दिनुभयो ।

"हामी वामपन्थी दल एकले अर्कालाई सिध्याउने नाममा आफैं सिद्धिँदै छौं", उहाँले भन्नुभयो, "वामपन्थी आन्दोलन सकियो भने मुलुक कमजोर हुन्छ ।" नेता श्रेष्ठले मुलुकको असंलग्न परराष्ट्र नीति, कूटनीतिक मामिलामा सबै दलको एक नीति हुनुपर्नेमा जोड दिनुभयो । "परराष्ट्र नीतिमा दलबीच सहमति कायम गर्न सक्यो भने कसैले पनि कमजोर पार्न सक्दैन", उहाँले भन्नुभयो ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भूराजनीतिक अवस्थाले नेपालको उपस्थिति कमजोर हुँदै गएको बताउँदै परराष्ट्र नीतिमा सबै दल एक मत हुनुपर्ने बताउनुभयो । नेपाली काँग्रेसका नेता चन्द्र भण्डारीले सबै दल मिली परराष्ट्र नीति साझा बनाउनुपर्ने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले छिमेकीसँगको सम्बन्ध पहिले जस्तै हुनुपर्ने भन्दै परराष्ट्र नीतिमा सबै दल एक हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै डा दिनेश पौडेलले नेपालको भूराजनीतिक हिसाबले चुनौति र अवसर दुवै रहेको बताउनुभयो । कार्यपत्रमाथि टिप्पणी गर्दै पूर्वमन्त्री आनन्द पोखरेल र प्राध्यापक खड्ग केसीले नेपालका राजनीतिक दलबीच परराष्ट्र नीतिका सम्बन्धमा एउटै बोली हुनुपर्नेमा जोड दिनुभयो । उहाँहरूले चीन र भारतसँग रणनीतिक सन्तुलन राख्न आग्रह गर्नुभयो ।

## काहुँ धर्मकाया बुद्ध मण्डला प्रदेश सरकारको प्राथमिकतामा

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

पोखराको उत्तरपूर्वी भेगमा अवस्थित रमणीय काँहु डाँडामा निर्माण गर्न लागिएको धर्मकाया बुद्ध मण्डलालाई गण्डकी प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिको सक्रियतामा पोखरा महानगरपालिका-११ मा १७८ रोपनीमा बुद्धमूर्तिसहितका संरचना निर्माण गर्न लागिएका छन् ।

विशाल बुद्धको मूर्तिसहित ठूलो सङ्ख्यामा साधकले एकसाथ ध्यान गर्ने मिल्ने ध्यानस्थलका रूपमा यसको विकास गर्न लागिएको छ । समितिका उपाध्यक्ष राजबहादुर गुरुङ बुद्ध मण्डला निर्माण गर्न देश विदेशमा रहेका विभिन्न व्यक्तिको दान तथा खरिदबाट आठ रोपनी जग्गा प्राप्त भएको बताउनुहुन्छ । अन्य जग्गा धारापानी सामुदायिक वन उपभोक्ता समितिले उपलब्ध गराएको हो ।

सबै जग्गाको उपयोग हुने गरी ध्यानस्थल, स्तूपा, पुस्तकालय, पर्यटन केन्द्रलगायत संरचना निर्माण गरिने भएको छ । गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन बनाउने तयारी छ । मण्डला निर्माण कार्य प्रदेश सरकारको प्राथमिकतामा राहेको प्रदेश कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापा बताउनुहुन्छ ।

मण्डला स्थापनापछि उक्त क्षेत्रको पर्यटकीय र रोजगारीमा टेवा पुग्नेछ । प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा यसका लागि रु ७० लाख विनियोजन गरेको छ । "प्राविधिक समस्या समाधान गरी निर्माणको काम अघि बढाउनु पर्छ", थापाले भन्नुभयो । स्थानीय, प्रदेश र सङ्घीय सरकारको समन्वयमा संरचना निर्माण गरिनेछ । "यो क्षेत्र पर्यटकीय गन्तव्य बन्छ", समितिका कार्यवाहक अध्यक्ष भरतराज शाक्य भन्नुहुन्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गत वर्ष नेपाल भ्रमणका क्रममा संसद्मा सम्बोधनपछि पोखरालाई बुद्ध सर्किटसँग जोड्न तत्कालीन क्षेत्रीय प्रशासक दिनेशकुमार थपलियाको संयोजनमा बैठक बसी सुरुमा सिद्धार्थ यशोधराको मूर्तिसहितको उद्यान निर्माण गर्न समिति गठन गरिएको थियो । पहिला बुद्ध मण्डला निर्माण गर्ने योजना समितिको छ । मण्डला निर्माण गर्न सिङ्गापुरका नागरिक क्याथरिङ तानले डिजाइन गरिरहेको शाक्यले जानकारी दिनुभयो । पोखरा शहर, फेवाताल र हिमाल एकसाथ अवलोकन गर्न मिल्ने मण्डला निर्माण गर्न लागिएको छ । सराङकोट र विश्वशान्ति स्तूपमा पर्यटकीय चहलपहल बढेको छ । यहाँ २०२६ सालमा धरहरा निर्माण गरिएको छ ।

यहाँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायत हिमशृङ्खलाका साथै सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य हेर्न सकिन्छ । उक्त क्षेत्रमा पोखराको चापापानीबाट सात किलोमिटर लामो सडक यात्रामार्फत पुग्न सकिन्छ । काहुँकोटमा बाइसे चौबिसे राज्यकालमा घले राजाको राज्य थियो । यहाँ देउराली मन्दिरसमेत छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



कास्कीको लेखनाथस्थित बेगनास तालमा डुङ्गामा शयर गर्दै आन्तरिक पर्यटक।
तस्बिर : वासुदेव पौडेल/रासस

# रोटरी क्बल लेकसाइडको सातौ पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

रोटरी क्लब अफ पोखरा लेकसाइडको सातौ पदस्थापना समारोहमा वर्ष २०२२/२३ अध्यक्ष डा. वीरवहादुर कार्कीले पदभार ग्रहण गरेका छन्।

असिस्टेन्ट गभर्नर लक्ष्मी थापाले डा.कार्कीलाई शुक्रबार आयोजित समारोहमा पदभार ग्रहण गराएकी हुन्। यस्तै आइपिपि हुम वहादुर आलेले चार्टर सर्टिफिकेट तथा पिन प्रदान गर्दै सफलताको कामना गरे। प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले कार्यक्रमको उद्घाटन गर्दै रोटरीको सामाजिक कार्यको प्रशंसा गरे। उनले पोखराको विकास र समुन्नतिको लागि रोटरियनको साथ र सहयोग आवश्यक हुने बताए। रोटरी क्लव अफ पोखरा लेकसाइडको प्रोजेक्ट किड्नी कियर सेन्टरमा डायलिसिस सुरु भएको दिन देखि क्लवले तिर्ने गरेको जग्गा भाडामा छुट दिन कोसिस गर्ने मेयर आचार्यले भने।

असिस्टेन्ट गभर्नर थापाले नेपालका रोटरीमध्ये रोटरी लेकसाइडको कार्यको उच्च मूल्यांकन गरिएको भन्दै अझ सफलताको कामना गरिन्।

आइपिपि हुम आलेले आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे। एक वर्षे कार्यकालमा भएका गतिविधि प्रस्तुत गर्दै उनले सहयोगीलाई मायाको चिनो प्रदान गरे। प्रमुख अतिथिको परिचय क्लब पव्लिक इमेज चियर सुभाष मल्लले धनराज नामको अर्थ लगाउँदै साहित्यमय पारामा जीवनका हरेक पाइलालाई लयवद्ध रुपमा भन्दै उपस्थित सबैको ध्यान खिचे। अध्यक्ष डा कार्कीले आफ्नो कार्यकालका लागि क्लब अफ एक्सन प्रस्तुत गर्दै बोर्ड अफ डाइरेक्टरलाई पिन प्रदान गरेका थिए।

सो अवसरमा क्लबले प्रकाशन गरेको स्मारिका 'द फेवा' विमोचन गरिएको थियो। स्मारिकामा क्लबको गतिविधि, पठनीय लेखरचना तथा सदस्य र तिनका परिवारका सदस्यको विस्तृत परिचय समेटिएको छ। अध्यक्ष डा वीरवहादर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष सुन्दरकुमार श्रेष्ठ, जि एस आर विनोद कोइराला, एजि सन्तोष पोखेल, रोटरी लेकसाइडका प्रेसिडेन्ट इलेक्ट शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा पास्ट प्रेसिडेन्ट जयराम पौडेलले स्वागत, सचिव मिन गुरुङले संचालन, क्लवका उपाध्यक्ष उपेन्द्र अधिकारीले धन्यवाद र टोस्ट प्रस्ताप क्लवका पूर्व अध्यक्ष घरना थकालीले गरेकी थिइन। क्लबमा हाल ३८ सदस्य रहेको क्लवका सह सचिव राजकुमार अर्यालले पोखरापत्रलाई वताए।

## अध्यक्षमा डा.कार्की

रोटरी क्लव अफ पोखरा लेकसाइडको सातौ पदस्थापनामा डा.वीरवहादुर कार्कीको अध्यक्षतामा नयाँ कार्यसमितिले पदभार ग्रहण गरेको छ।



समितिको आइपिपिमा हुम वहादुर आले, प्रेसिडेन्ट इलेक्टमा शोभाकान्त सिग्देल, उपाध्यक्षमा उपेन्द्र अधिकारी, सचिवमा मिन गुरुङ, सह सचिवमा राजकुमार अर्याल, कोषाध्यक्षमा शिव देवकोटा रहेका छन्।

त्यसैगरी एडमिन चियरमा राजन कुमाल, सर्भिस चियरमा राममणी पौडेल, टिआरएफ चियरमा टोपवहादुर थापा, मेम्बरसिप चियरमा लोकवहादुर गुरुङ, पब्लिक चियरमा सुभाष मल्ल, सम्पादक एवं युथ सर्भिस चियर श्रीकृष्ण अधिकारी, मेनटरमा मोहन सिंह खड्का, क्लव ट्रेनरमा जयराम पौडेल र सर्जेन्ट एट आम्समा सन्तोष पन्त चयन भएका हुन्।

# दृष्टिविहिन विद्यार्थीहरुको अडियो पुस्तकालयलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

पोखरा महानगरपालिका वडा नम्वर १ शंकर टोल स्थित पोखरा व्यवसायिक महिला क्लबले दृष्टिविहिन विद्यार्थीहरुका लागि आवश्यक शैक्षिक सामग्री सहयोग गरेको छ।




क्लबले पोखराको पृथ्वीनारायण क्याम्पस स्थित दृष्टिविहिन विद्यार्थीहरुले अध्ययन गर्ने अडियो पुस्तकालयलाई स्क्यानर, लेजर प्रिन्ट, ब्रेल पेपर सगै आवश्यक स्टेशनरी सामग्री सहयोग गरेको हो। शुक्रवार पुस्तकालय परिसरमा आयोजना गरिएको कार्यक्रममा पृथ्वीनारायण क्याम्पस विद्यार्थी कल्याण शाखा प्रमुख बोधराज ढकाल, पुस्तकालयका अडियो पुस्तक सम्पादक राजेन्द्र सुबेदी र अडियो पुस्तक रेकर्डर प्रभा त्रिपाठीलाई क्लबको तर्फबाट अध्यक्ष हरिमाया शर्मा, उपाध्यक्ष धनेश्वरी पराजुली, कोषाध्यक्ष गंगालक्ष्मी गुरुङ्ग, सदस्यहरु लक्ष्मी गुरुङ्ग र रजनी श्रेष्ठ, सल्लाहाकार शान्ती भुषाल, पुर्व कोषाध्यक्ष अनार भारी र पोखर १ की वडा सदस्य शोभा गुरुङ्गले संयुक्त रुपमा सहयोग सामग्री हस्तान्तरण गरेका थिए।

पुस्तकालयमा अध्ययनका लागि आउने दुष्टिविहिन विधार्थीहरुलाई अध्ययनमा सहजता होस भन्ने उदेश्य सहित सहयोग प्रदान गरेको क्लबकी उपाध्यक्ष पराजुलीको भनाई छ। पराजुलीका अनुसार जर्मनीका माइकल बाउरा र साथीहरु सगै बाडेन बाडेनको आर्थिक सहयोगमा पुस्तकालयलाई आवश्यक सामग्री प्रदान गरिएको हो।

क्लबले पुस्तकालयलाई यस अघि ०७६ सालको वैशाखमा समेत कम्प्युटर एक थान, डिजिटल अडियो मिक्स्चर एक थान, हार्डडिक्स एक थान, माइक्रोफोन एक थान, टेबुल पंखा दुई थान, युएसपी दुई थान, ब्याट्री चार थान, मेमोरी कार्ड दुई थान, सातवटा पेनड्राईभ, ५ वटा मेमोरी कार्ड रिडर सगै ब्रेल पेपर सहयोग गरेको थियो।

# वीपी स्मृति दिवसमा रक्तदान हुने

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

नेपालका प्रथम जननिर्वाचित प्रधानमंत्री, नेपाली कांग्रेसका संस्थापक एवं जननायक विश्वेश्वरप्रसाद कोईरालाको ४० औं स्मृति दिवसका अवसरमा रक्तदान कार्यक्रमको आयोजना हुने भएको छ।

नेपाली कांग्रेस कास्कीको सहयोग, क्षेत्रीय समितिहरुको समन्वय र पोखरा महानगर समितिको आयोजनामा साउन ६ गते रक्तदान कार्यक्रम हुने भएको हो। रक्तदान जीवनदान भन्ने मुल मन्त्रका साथ कार्यक्रमको आयोजना गर्न लागिएको कार्यक्रम संयोजक एवम् नेपाली काँग्रेस पोखरा महानगरका कोषाध्यक्ष सम्मरबहादुर श्रेष्ठले जानकारी दिए। साउन ६ गते बिहान साढे ७ बजे देखि विपी चोक चिप्लेढुंगामा सुरु हुने उक्त रक्तदान कार्यक्रमको तयारी तिब्र रुपमा भईरहेको कार्यक्रम संयोजक श्रेष्ठले बताए। नेपाली काँग्रेस पोखरा महानगरका सभापति सुरेन्द्र विजुक्छेले कार्यक्रम सफल बनाउन पोखरा महानगरका कार्य समिति सदस्य तथा सबै वडा इकाईका सभापतिहरुलाई आग्रह गरेका छन्।

रक्तदान सामाजिक कार्य भएकाले मात्र नभएर अस्पतालहरुमा रगतको अभाव भएको समयमा रक्तदान कार्यक्रममा रक्तदाताहरुको सहभागिता उल्लेखनीय हुने सभापति विजुक्छेको भनाई छ।

# महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)र प्रदेश १ का पर्यटन व्यवसायी महिला बीच अनुभव आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) पोखरा र प्रदेश नं १ का महिला पर्यटन व्यवसायी बीच अनुभव आदान प्रदान सहित पर्यटन प्रवर्द्धनका व्यवसायिक विषयमा छलफल भएको छ।



पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउने आर्थिक सशक्तिकरणसँगै गण्डकी प्रदेश पोखरा र प्रदेश नं १ का बीच सम्बन्ध स्थापित गर्ने उदेश्यले पोखराबाट अध्यक्ष र सल्लाहकार सहित पुगेको टोलीले प्रदेश नं १ मा पर्यटन प्रवर्द्धन केन्द्रित कार्यक्रम गरेको हो। कार्यक्रममा इलाम नगरपालिका प्रमुख केशव थापाले पर्यटकीय स्थल पोखराबाट इलामले पर्यटन प्रवर्द्धनमा लागि धेरै कुरा सिक्न सक्ने जनाउँदै व्यवसायिक महिलाको अनुभव आदान प्रदान प्रभावकारी हुने धारणा राखे। पर्यटनका लागि प्रचार प्रसारको आवश्यता औल्याउँदै समन्वयकारी भूमिका खेल्न ओटेफलाई आग्रह गरे।

उपप्रमुख विष्णुमाया दाहाल लिम्बुले महिला सशक्तिकरणका लागि आर्थिक सशक्तिकरणको आवश्यता औल्याउँदै पूर्वका महिलाहरु उत्पादनमा अगाडि रहेको बताइन। उनले कर्ममा विश्वास गरेर निरन्तर अघि बढे एकदिन मुल्यांकन हुने सफल भइने जनाउँदै महिलाहरुले आफ्नो मेहनत र लगनशिलतालाई त्याग्न नहुने धारणा राखिन्। नगरपालिकाले महिलाको क्षमता विकास र सीप विकासका लागि बजेट छुटाएको जानकारी गराइन्।

नेपाल पर्यटन बोर्डका कार्यकारीणी सदस्य कृष्ण शाहले गण्डकी र प्रदेश १ का महिलाबीच अन्तरक्रियात्मक एवम क्षमता विकास कार्यक्रमले पर्यटन प्रवर्द्धन साथै पूर्वमा उत्पादित सामानको प्रचार प्रसार र बजारिकणाम टेवा पुग्ने विश्वास व्यक्त गरे। प्रकृतिको अनुपम वरदान पाएको पूर्व प्राकृतिकसँगै सांस्कृतिक एवम धार्मिक रुपमा समेत प्रसिद्ध रहेको बताए। नगर पर्यटन परिषदको आयोजना, नेपाल पर्यटन बोर्ड नेपालको प्रवर्द्धन र इलाम नगरपालिकाको सहयोगमा सञ्चालित प्रदेश स्तरीय कार्यक्रममा प्रदेश नं १ का ६ जिल्लाका व्यवसायिक महिलाहरुको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागिहरुले पूर्वमा उत्पादन गरेका सामानहरुको प्रवर्द्धन गर्न पोखरा उपयुक्त गन्तब्य भएको र समन्वय गर्न पोखराका व्यवसायी महिलालाई अनुरोध गरेका थिए।

इलाम चियासँगै प्रदेश एकमा अलैचि, अदुवा, आलु, अम्रिसो, अर्थोडक्स, किवि, चिज, छुर्पी, ललिपपले प्रसिद्ध रहे पनि उचित बजार व्यवस्थापन अभाव रहेको सहभागीको भनाइ थियो। पूर्वका उत्पादित सामानलाई कोशेलीको रुपमा ब्राण्ड गर्न साझेदारिको खाँचो रहेको उनीहरुको भनाइ थियो। हिला पर्यटन व्यवसायी मञ्च ओटेफ पोखराकी अध्यक्ष पार्वती पाण्डेले पोखराको पर्यटन र महिला पर्यटन व्यवसायीको अवस्थाको बारेमा जानकारी संगै पूर्वको उत्पादनलाई पोखरामा प्रवर्द्धन गर्नका लागि पहल गर्ने बताइन। ओटेफकी सल्लाहकार देवका पहारीले पर्यटन क्षेत्रका आफ्ना अनुभवसँगै पश्चिम र पूर्व बीचको सम्बन्धलाई मजबुत बनाएर उत्पादनलाई प्रवर्द्धन गर्ने समन्वयकारी भूमिका खेल्ने बताइन्।

सो अवसरमा ओटेफ पोखराको पहलमा महिला पर्यटन व्यवसायी मञ्च -प्रदेश नं १ समेत गठन गरिएको थियो। प्रदेश १ को अध्यक्ष सुशिला सापकोटा र उपाध्यक्ष दिब्या भटराई, ललिता प्रसाइ र महासचिव शारदा उप्रेति पराजुली, सचिव स्तुती श्रेष्ठ, कोषाध्यक्ष रोमी पौडेल सहित २० सदस्यीय समिति गठन गरिएको छ।

कार्यक्रममा नगर पर्यटन परिषदका इलामका अध्यक्ष प्रकाश अधिकारीले पोखरा पर्यटकीय क्षेत्र भएकाले सो क्षेत्रका महिला र पूर्वका पर्यटन व्यवसायी महिला बीच अनुभव आदानप्रदानले प्रदेश १ र पोखरा बीचको सम्बन्ध प्रगाढ हुनुका साथै व्यवसायिक साझेदारीमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। सो अवसरमा नेपाल पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष जमुना वर्षा शर्माले पर्यटनमा महिलाको अवस्था र नेतृत्व विकास सम्बन्धि प्रशिक्षण दिएकी थिइन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कांग्रेस बैठकमा देउवाको आलोचना

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा डाक्टर शेखर कोइराला समूहका नेताहरूले पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा कार्यशैलीको आलोचना गरेका छन । प्रधानमन्त्री देउवाले गरेका कामले विगतमा केपी शर्मा ओली नेतृत्वको सरकारलाई गरेको विरोध व्यर्थ भएको शेखर समुहको बुझाई छ । महामन्त्री गगन थापा र विश्व प्रकाश शर्मा, उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार,बद्री पाण्डे लगायतका नेताहरूले खुलेर देउवा असफल भएको विचार राखेका छन । महामन्त्रीको भुमिका कमजोर बनाउने र सभापति र उपसभापतिको निर्णयमा ताली लगाउने बनाएकोप्रति बैठकमा जमेर विरोध गर्दै आफ्नो भुमिका सशक्त बनाउने चेतावनी दिएका छन । काङ्गेस सभापतिमा पराजित डाक्टर शेखर समुहले स्थानीय चुनावपछि सभापति देउवाको कार्यशैलीपको प्रतिवाद गर्दै आएको छ । प्रधानमन्त्री एवं सभापति देउवाले पार्टीको फरक विचार राख्ने पक्षलाई पेल्ने र गठबन्धनका दलहरूसँग निकट बन्दै आएका छन ।

स्थानीय चुनाव अघि पनि कोइरालालाई कम महत्व दिएका सभापति देउवाले गठबन्धनका नेताहरूलाई सन्तुष्ट पारेर चुनावी परिणाम काङ्गेसको पक्षमा ल्याएका छन । गठबन्धनका नेताका लागि उदार देउवा पार्टीको इतरपक्षसंग अनुदार देखिएका छन । शेखर समुहलेआफूलाई मत नदिनेहरुको नेता बन्न नसकेको निचोड निकालेको छ । दुई दिनसम्म चलेको शेखर समूहको बैठकले पार्टीलाई विधिसम्मत चलाउने सभापतिलाई दबाव दिने र महाधिवेशनमा पाएको मतअनुसार पार्टीमा हिस्सेदारी खोज्ने निष्कर्ष समेत निकालेको छ । विगतमा दोउवाले गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासँग ४० प्रतिशत हिस्सा खोजेका थिए । अहिले कोइरालालाई त्यही व्यवहार नगरी चल्न खोज्दा विवाद बढेको छासत्ता र शक्तिमा पकड बनाएका देउवाले लोकतान्त्रिक मूल्य र मान्यता पुरानै कार्यशैली अपनाएका छन ।

कांग्रेसको १४औं महाधिवेशनमा शेखर कोइराला सभापतिमा पराजित हुँदा धनराज गुरुङ उपसभापति, गगनकुमार थापा महामन्त्री र जीवन परियार र बद्री पाण्डे सहमहामन्त्री चुनिएका छन् । सभापतिका लागि भएको दोस्रो चरणको मतदानमा करिब ४१ प्रतिशत मत पाएको यो समूहले पार्टीमा भागवण्डाको राजनीति नगर्ने प्रतिबद्धता जनाएको थियो । तर ६ महिनाको कामकारबाही हेर्दा देउवा ४१ प्रतिशत महाधिवेशन प्रतिनिधिको सभापति नै बन्न नसकेको पछिल्ला गतिविधिले देखाएको छ । 'पार्टीमा न्यायोचित र योग्यताअनुसार अवसर पाउनुपर्छ भन्ने मान्यता अघि सारेर फेरि भागबन्डाको राजनीतिमा गएको छ । सांगठनिक अराजकता र अवसरवाद विरुद्ध निरन्तर खबरदारी हुनुपर्छ ।

केन्द्रीय कार्यसमिति र भ्रातृ संस्थाहरुमा भएको मनोनयन, कार्यसम्पादन समिति गठन, स्थानीय तह निर्वाचनको टिकट वितरण, संसदीय समिति गठन लगायतमा सभापति देउवाले एकलौटी गरेको शेखर पक्षको बुझाई छ । त्यसका लागि सातै प्रदेशमा भेला गर्नुका साथै नेताको जिल्ला भ्रमणलाई बढाएर दबाव सृजना गर्ने समूहको निर्णय छ । पार्टीलाई विधिसम्मत रुपमा सञ्चालनका लागि केन्द्रीय समिति लगायतका मोर्चाबाट सभापतिको ध्यानाकर्षण गराउने निर्णय भएको छ, यसलाई 'रचनात्मक विद्रोह' भनिएको छ । रचनात्मक विद्रोह शब्दावली राख्ने कि नराख्ने भन्नेमा नेताहरुबीच केही मतान्तर रहे पनि अन्तिममा सोही शब्दावली राख्ने निर्णय भएको छ । बैठकमा नेताहरूले देउवा सरकारको एक वर्षको समीक्षा गर्दै सरकारले जनतालाई राहत दिन नसकेको, आर्थिक सुशासनको खिल्ली उडाइएको र व्यापक नीतिगत भ्रष्टाचार भएको आरोप लगाएका छन । 'सुशासनको सवालमा राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरणलगायतलाई प्रधानमन्त्रीको मातहतबाट हटाउने भनेर पार्टीले राजनीतिक प्रतिबद्धता जनाएको थियो त्यसअनुसार काम हुन सकेको छैन ।

शेखर समूहको बैठकले साझा परराष्ट्र नीति बनाउनेतर्फ पहल गर्न पार्टी सभापति समेत रहेका प्रधानमन्त्री देउवालाई आग्रह समेत गर्ने निर्णय गरेको छ । जनतालाई राहत दिन नसकेको, सुशासनको साटो कुशासन चलाएको, भ्रष्टाचार मौलाएको, परराष्ट्र सम्बन्ध विगारेको र विकासका काम गर्न नसकेको निचोड सरकारको असफलता हो । सरकारको नेतृत्व गरेको दलका असन्तुष्ट पक्षले उठाएका कुरा देउवाका सहयोगी दलले सच्याउन दबाब दिन नसक्नु निरिहता र लम्पसार पर्नु हो । कम्युनिस्ट तथा बामपंथी भन्नेहरूले देउवाको कुशासन विरुद्ध बोल्न डराउनु दुर्भाग्य हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अनाथ, असहाय बालबालिकालाई निःशुल्क शिक्षा

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३२ असार**

व्यास नगरपालिकाले निःशुल्क शिक्षा दिन व्यास नगरपालिका-७ सेराटारस्थित क्यामिन कोट प्राथामिक विद्यालयमा 'व्यास नगर समता विद्यालय सञ्चालन गर्ने भएको छ ।

नगरपालिकाभित्र माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाइ परेका अनाथ, असहाय, विपन्न, शहीद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घर परिवारका बालबालिकालाई शिक्षा प्रदान गर्ने उद्देश्यले उक्त विद्यालय सञ्चालन गर्न लागिएको हो । उक्त प्रकृतिका विद्यार्थीका लागि नगरपालिकाले निःशुल्क शिक्षा प्रदान गर्ने लक्ष्यअनुरुप विद्यालय सञ्चालन गर्न लागेको व्यासका प्रविधि सूचना अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो । विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी पदपूर्तिको लागि यसअघि नै विज्ञापन गरिसकेको नगरपालिका कार्यालयले जनाएको छ । विद्यालयमा खाना पकाउने भान्से, शिक्षिका र सुरक्षाकर्मीलगायतका जनशक्ति माग गरिएको नोडल अधिकृत कुमारकञ्चन जिसीले जानकारी दिनुभयो । विद्यालय सञ्चालनको लागि विद्यार्थी भर्ना गर्न साउन २ गतेदेखि ८ गतेसम्म आवेदन फाराम वितरण गर्न सूचना जारी गरेको शिक्षा अधिकृत नवीन पराजुलीले जानकारी दिनुभयो । कक्षा ५ सम्म विद्यार्थी भर्नाको लागि आवेदन फाराम वितरण गरिएको व्यास शिक्षा शाखाले जनाएको छ ।

# तनहुँको पानीमा इकोलीफर्म जीवाणु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३२ असार**

तनहुँका १० वटै स्थानीय तहको पानीमा दिसामा पाइने जीवाणु (इकोलीफर्म) भेटिएको छ । पानीको नमूना परीक्षण गर्दा सो जीवाणु भेटिएको हो ।

तनहुँका धारा, मूल, ट्याङ्की र इनारको पानीको नमूना परीक्षणका क्रममा ६७ प्रतिशत उक्त जीवाणु भेटिएको हो । काठमाडौँमा हैजाका बिरामी भेटिन थालेपछि उच्च सतर्कता अपनाउन जिल्लाका खानेपानीका स्रोतको नमूना परीक्षण गरिएको स्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरीक्षक राजेन्द्र रानाभाटले जानकारी दिनुभयो ।

खानेपानीका मूल र स्रोतको नमूना परीक्षण गर्दा अधिकांश क्षेत्रको पानी पिउनयोग्य नरहेको पाइएको रानाभाटले बताउनुभयो । "अधिकांश मूल र धाराको पानी खान योग्य छैन, परीक्षण गर्दा इकोलीफर्म भेटियो", उहाँले भन्नुभयो । जिल्लाका ७६ पानीको स्रोतको नमूना परीक्षण गरिएकामा ५१ स्रोतमा दिसामा पाइने जीवाणु भेटिएको हो । व्यास नगरपालिकामा १० नमूना परीक्षण गरिएकामा दुई स्रोतको मात्र पानी पिउनयोग्य पाइएको रानाभाटले जानकारी दिनुभयो । भानु नगरपालिकाको तीन नमूना परीक्षण गरिएकामा सबैमा इकोलीफर्म भेटिएको छ । आँबुखैरेनीमा पाँच ठाउँमा परीक्षण गरिएकामा तीनमा इकोलीफर्म भेटिएको छ । घिरिङको तीनवटै नमूना परीक्षणका क्रममा इकोलीफर्म पाइएको रानाभाटले जानकारी दिनुभयो ।

त्यसैगरी देवघाटमा नमूना परीक्षणका क्रममा पाँच पिउनयोग्य रहेको पाइएको, बन्दीपुर गाउँपालिकाको पाँच वटामध्ये एउटा मुहानमा मात्रै योग्य र म्याग्देको सात नमूना परीक्षणमा दुई योग्य रहेको पाइएको छ । शुक्लागण्डकी नगरपालिकाको ११ नमूना परीक्षणमा तीन स्रोत योग्य रहेको पाइएको छ । शुक्लागण्डकी नगरपालिकामा वितरण गरिएका धाराको पानीमा जीवाणु भेटिएको उहाँले बताउनुभयो । त्यसैगरी ऋषिङ गाउँपालिकाको नमूना परीक्षणमा चार मूलको पानी पिउनयोग्य पाइएको छ ।

पहिलो चरणमा ससाना मूल, ट्याङ्की, धारा र इनारको पानीको नमूना परीक्षण गरिएको हो । नमूना परीक्षण गरिएका अधिकांश खानेपानीका स्रोत अयोग्य भेटिएको छ । ठूला खानेपानी आयोजनाको पनि छिट्टै नमूना परीक्षण गरिने स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । पानीका स्रोतमा इकोलीफर्म देखिएका सम्बन्धित पालिकालाई जानकारीसहित खानेपानीको रिपोर्ट पठाइएको कार्यालयले जनाएको छ । पानीका मुहानको सरसफाइ गर्न, पानी शुद्धीकरण गर्न, तताएर, फिल्टर गरेर मात्रै पिउन सुझाव दिइएको छ ।

# चिकित्सा शिक्षाको शुल्क वृद्धि

**रासस**
**काठमाडौं, ३२ असार**

राष्ट्रिय चिकित्सा आयोगले चिकित्सा शिक्षाको शुल्क निर्धारण गरेको छ । आयोगका उपसचिव मेघराज शर्माले शैक्षिक सत्र २०७८/७९ का लागि आयोगले चिकित्सा शिक्षाअन्तर्गत स्नातक तह, स्नातकोत्तर तह, स्नातकोत्तरभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रममा शुल्क निर्धारण गरेको बताउनुभयो ।

उहाँले स्नातक तहका १६, स्नातकोत्तर तहका ५४ र स्नातकोत्तर तहभन्दा माथिका दुई शैक्षिक कार्यक्रमको शुल्क निर्धारण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार गत शैक्षिक सत्रको भन्दा यसपटक ३.६ प्रतिशत शुल्क वृद्धि गरिएको छ । स्नातक तहतर्फको कार्यक्रममा एमबिबिएस उपत्यकाभित्र रु ४१ लाख ६८ हजार ९०, एमबिबिएस उपत्यकाबाहिर रु ४५ हजार ९५ हजार ७२०, विडिएस रु २० लाख ९२ हजार २९०, बिएस्सी नर्सिङ रु १० लाख ३६ हजार शुल्क निर्धारण गरिएको छ । यस्तै बिएस्सी एमआइटी, बिपिटी, बि. मेडिकल माइक्रोलोजी र बि. बायोक्यामेस्ट्री, बिपिएच, बिफार्मेसी, विपर टेक, बिएएसएलपी लगायतको शुल्क रु सात लाख ७७ हजार तोकिएको छ । यस्तै स्नातकोत्तर तहतर्फ एमएस्सी मेडिकल माइक्रोबायोजी र एमएस्सी मेडिकल बायोक्यामेस्ट्री, एमएस्सी एमआइटी, एमएस्सी एमएलटीको पनि रु सात लाख ५७ हजार ८३० तोकिएको छ । स्नातकोत्तर तहभन्दा माथि एमफिल क्लिनिकल साइकोलोजीको रु तीन लाख चार हजार २२० र डिएम/एमचिएचको रु २५ लाख ९० हजार शुल्क तोकिएको आयोगका उपसचिव शर्माले जानकारी दिनुभयो ।

# कर्मफ्लाइट्स् फाउन्डेसन फेवाताल सरसफाई तथा सम्मान

**पोखरापत्र संवाददाता**
**असार, ३२ असार**



कर्म फ्लाइट्स् फाउन्डेसनले पोखरा महानगरपालिका वडा नं. ६ को खहरे बङ्लादी क्षेत्रका कोभिड १९ अति प्रभावित बिपन्न परिवारहरु तथा आधार भूत तहमा कामगर्ने पर्यटन मजदुर हरुलाई 'कामका लागि खाद्यान्न' कार्यक्रम अन्तरगत दुईदिने बृहत फेवाताल सरसफाइ गरेको छ ।

कर्मफ्लाईट्स फाउण्डेसन नेपालको आयोजना, नमस्ते नेपाल संस्था (चेक गणतन्त्र) को आर्थिक सहकार्य तथा पोखरा महानगरपालिका वडा नं ६ को संयोजनमा ४० परिवारलाई प्रती परिवार तिन हजार रुपैयाँ बराबरको खाद्यान्न बितरण गरिएको थियो । कर्मा फ्लाइटस फाउन्डेसनको कार्यालय परिसर बङलादीमा गरिएको संक्षिप्त औपचारिक कार्यक्रममा वडा नं ६ का वडाध्यक्ष बिष्णु बहादुर भट्टराई प्रमुख अतिथि थिए भने चारैजना वडा सदस्यहरुको विशेष उपस्थिति रहेको थियो । राहत बितरण कार्यक्रममा आफ्नो संक्षिप्त भनाइ राख्दै प्रमुख अतिथि भट्टराईले पोखरा बैदाममा मात्रै नभै अन्य जिल्लामा समेत प्राकृतिक बिपत्ति तथा महामारीको बेला आफ्नै बलबुतामा आर्थिक श्रोत जुटाएर सामाजिक क्रियाकलापमा सक्रिय फाउन्डेसनको मुक्त कन्ठ ले प्रशंसा गर्दै यस्ता किसिमको सामाजिक काममा सहकार्य र संयोजन गर्न आफू सदा तत्पर रहने बताउदै आधारभूत तहमा कामगर्ने मजदुर हरुलाई बिस्थापित हुनबाट जोगाउन बैकल्पिक तालिमहरुको लागि समेत सहकार्य गरिने बताए । ड्यामसाईड, कोमागाने पार्क हुँदै बाराहिघाट, हल्लनचोक, बंगलादी शिवमणी कैलाशधाम मंदिर सम्म गरिएको सरसफाइमा ९५ वटा ठूला प्लास्टिकका बोरामा प्लास्टिक जन्य फोहोर टिपिएको फाउन्डेसनका फिल्ड कोअर्डिनेटर राजु परियारले बताए । कर्मफ्लाईटस् फाउण्डेसनले पोखरा महानगरपालिका वडा नं ६ का नवनिर्वाचित जनप्रतिनिधिहरु लाई 'कामका लागि खाद्यान्न' कार्यक्रमको अबसरमा सम्मान गरेको छा स्थानीय समाजसेवी टेकनाथ अधिकारी, फाउन्डेसनका अध्यक्ष लक्ष्मण शर्मा र कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले पाँचैजना जनप्रतिनिधि हरुलाई दोशल्ला ओढाएर सम्मान गरेका थिए ।

# राटरी क्लब अफ पोखरा अन्नपुर्णको अध्यक्षमा देवेन्द्र वास्तोला

**पोखरापत्र संवाददाता**
**असार, ३२ असार**



राटरी क्लब अफ पोखरा अन्नपुर्णको अध्यक्षमा देवेन्द्र वास्तोला चयन हुनुभएको छ । क्लबको १७ स्थापना दिवस र पद हस्तान्तरण कार्यक्रममा उहाँलाई सन् २०२२-२०२३ को अध्यक्षमा चयन गरेको हो । रोटरीको विधान अनुसार एक वर्ष अघिनै अध्यक्ष प्रस्ताब गर्ने प्रचलन हुन्छ । सोही अनुसार वास्तोला एक वर्षे कार्यकालका लागि अध्यक्षमा चयन हुनुभएको हो ।

क्लबको उपाध्यक्षमा रोटरियन भानु भक्त भण्डारी, सचिवमा निकेश प्रसाद कर्माचार्य, कोषाध्यक्षमा रोटरियन माधव प्रसाद बराल, एड्मिन प्रमुखमा रोटरियन सुरेश कुमार ध्वजु, टिआरएफमा दिनेश शंकर पालिखे, पब्लिक इमेजमा रोटरियन लक्की कार्की, सर्जेन्ट आम्समा नविन राज बराल, सर्भिस प्रोजेक्ट चियरमा रोटरियन बाबु राम बराल, मेम्बरसिप चियरमा रोटरियन सरोज नारायण बराल, युथ चियरमा रोटरियन जनपुकार मुनाकमी, प्रेसिडेन्ट नोमिनीमा रोटरियन तोय बहादुर भट्टराई, क्लब ट्रेनरमा रोटरियन प्रदिव बहादुर आचार्य, एडिटर रोटरियन शैन्द्र राज श्रेष्ठ र डाइरेक्टरहरु कृष्ण हरि पौडेल, शिव वास्तोला, नन्दा श्रेष्ठ , रिना पौडेल, इन्दिरा तिमिल्सीना बराल चयन हुनुभएको छ ।

क्लबका निवर्तमान अध्यक्ष राम प्रसाद वस्ताकोटीले आगामी कार्यकालको लागि अध्यक्षको पिन हस्तान्तरण गरेका थिए । क्लबका नवनिर्वाचित अध्यक्ष रोटरीयन देवेन्द्र वास्तोलाले आफ्नो कार्यकाललाई सबै रोटरीयनको साथ र सहयोगमा क्लबले गर्ने कार्यहरुलाई नयाँ उचाईमा पुर्याउने बताए । कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत पोखराका मुख्य न्यायाधिस डिल्ली राज आचार्यले नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिदै देश पद र पदवी ओगटनेले विगारेको बताउदै नयाँ नेतृत्वलाई सकृय भएर आफ्नो कार्यकाल सफल बनाउन सुझाव दिए । क्लवका सस्थापक अध्यक्ष देवराज चालिसेले कतिपयले रोटरीलाई खर्च गर्ने अनि नेपालीको पैसा विदेश पठाउने सस्थाको रुपमा लिने गरेको बताउदै हामीले योगदान गरेको रकम भन्दा कयौंगुन वढी रकम विभिन्न परियोजनाका रुपमा नेपालमै भित्रने भएकाले यस्लाई अन्यथा लिन नहुने बताए । कार्यक्रममा रोटरियन प्रेम प्रसाद शर्मा, विनोद कोइराला लगायतले शुभकामना मन्तब्य रखेका थिए । कार्यक्रममा क्लबका पुर्व अध्यक्ष कृष्णमान गुवाजुको स्मृतिमा क्लब र स्व. गुवाजुको परिवारद्वारा स्थापित अक्षयकोष रकमबाट पोखरा १८ मा अवस्थित सृजना आधारभूत विधालयलाई विविध खेलकुदको सामाग्री हस्तान्तरण गरिएको थियो । क्लबका वर्ष २०२१–२०२२ का अध्यक्ष राम प्रसाद वस्ताकोटी अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत कार्यक्रम संयोजक तोय बहादुर भट्टराई, धन्यवादज्ञापन रोटरियन राम चन्द्र शर्मा र संचालन प्रथम सत्र वर्ष २०२१–२०२२ का सचिब सरोज नारायण बराल र दोस्रो सत्र वर्ष २०२२–२०२३ का सचिव निकेश कर्मचार्यले गरेका थिए ।

# अबदेखि मंसिरभित्रै योजना सम्झौता

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३२ असार**

योजना तथा बजेट कार्यान्वयमा बागलुङ नगरपालिकाले कडाइ गर्ने भएको छ । साउनदेखि नै नयाँ आवको बजेट कार्यान्वयन सुरु गरी मङ्सिर मसान्तभित्रैमा योजना सम्झौताको नीतिगत प्रबन्ध गरिएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले आव २०७९/८० को स्वीकृत नीति, कार्यक्रम र बजेटमा सो प्रावधान रहेको उल्लेख गर्नुभयो । मङ्सिर मसान्तसम्ममा सम्झौता नभएका र खरिद प्रक्रियामा नगएका सर्शततर्फका योजनाबाहेकको बजेट स्थानीय सञ्चित कोषमा जाने उहाँको भनाइ छ । हिउँदे अधिवेशनबाट स्वीकृत भएका र सशर्ततर्फका योजना पनि फागुन मसान्तभित्रैमा सम्झौता गरिसक्नुपर्ने जनाइएको छ ।

"योजना सम्झौता ढिलो हुने, आर्थिक वर्ष घर्किन लागेपछि काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कार्यान्वयन प्रणालीलाई व्यवस्थित गर्न लागिएको हो", प्रमुख प्रशासकीय अधिकृत सापकोटाले भन्नुभयो, "यसले कामको गुणस्तरदेखि खर्च र भुक्तानी प्रणालीमा पनि सकारात्मक टेवा दिन्छ ।" योजना कार्यान्वयनलाई सहज बनाउन घुम्ती शिविर गरेर वडा तहबाटै योजना सम्झौता गरिने नगरपालिकाले जनाएको छ । श्रममूलक र साना योजना तथा कार्यक्रम सञ्चालन गर्दा टोल विकास संस्था र उपभोक्ता समितिबाट गराइने भएको छ । यसरी गर्दा योजनामा उपभोक्ताको लागत सहभागितालाई पनि २० प्रतिशतबाट घटाई १५ प्रतिशत कायम गरिएको छ । महिलाको नेतृत्वमा रहेको टोल विकास संस्था र उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्दा १० प्रतिशतमात्र लागत सहभागिता तोकिएको छ ।

बेलैमा सम्झौता गरेर मात्र योजना कार्यान्वयनमा जान नगरपालिकाले लाभग्राहीलाई सचेत बनाएको छ । लागत अनुमानभन्दा फरक पर्ने गरी काम भएमा त्यसको भुक्तानी दिन नसकिने नगरपालिकाले स्पष्ट पारेको छ ।

# सहकारी विधि र नितीका आधारमा सञ्चालन हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ असार**

सहकारी संस्था विधि, निती तथा मुल्यमान्यताका आधारमा सञ्चालन हुनु पर्नेमा आज यहाँ आयोजित एक कार्यक्कमका बक्ताले जोड दिएका छन् ।



पोखरा महानगरपालिका वडा नं.१७ मा सञ्चालीत सफल वचत तथा ऋण सहकारी संस्थाद्धारा आयोजित एक दिने लेखा तालिमको उद्घाटन कार्यक्रमका वक्ताहरुले सुशासन र पारदर्शितामा जोड दिएका हुन । पोखरा १७ का वडाअध्यक्ष एवम् नेकपा एमाले महानगर प्रतिपक्षी दलका नेता राधिका शाही योगीले कार्यक्रमको उद्घाटन गर्दै मुलुकको समृद्धिको लागि सहकारीहरु उत्पादनसंग जोडिनुको विकल्प नभएको बताउनुभयो । सहकारी आर्थिक कारोवारसंगै शेयर सदस्यको जिवनस्तर उकास्नेखालका गतिविधिमा लाग्नु पर्ने बताउँदै उहाँले सहकारी बीच प्रतिष्पर्दा भन्दा पनि सहकार्य र समन्वयको आधारमा अघि वढ्नु पर्ने आवश्यकता औल्याउनु भयो ।

कास्की जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी एवम् सहकारीका संस्थापक अध्यक्ष अनिल शाहीले तालिमवाट प्राप्त ज्ञान सहकारी सञ्चालनमा उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो । सहकारी संस्था बीच स्वच्छ प्रतिस्पर्दा एवम् पारदर्शितमा उहाँको जोड थियो ।

कार्यक्रममा संस्थाका शेयर सदस्य पोखरा १७ को वडाअध्यक्ष र वसुन्धरा लामिछाने पोखरा ७ को वडासदस्यमा निर्वाचित हुनु भएकोमा उहाँहरुलाई बधाई ज्ञापन गर्दै दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

संस्थाका सञ्चालक समिति, सल्लाहकार विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरु र कर्मचारीको सहभागिता रहेको उक्त तालिममा सहकारी प्रशिक्षक नारायणप्रसाद आचार्यले प्रशिक्षण दिनु भएको थियो । सहकारीका अध्यक्ष बासुदेव पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष हरिप्रसाद बास्तोला, सल्लाहकारव्दय विष्णुबहादुर ढ्वारे र डिवी भुजेल,उपाध्यक्ष पवित्रा जिसी, लेखा सुपरिवेक्षण समितिका संयोजक रुकुम बहादुर जि.सी., शिक्षा उपसमितिका संयोजक रमेश ढुङ्गाना,सचिव गणेश श्रेष्ठ लगायतले सहकारीले गर्दै आएका गतिविधि र भावि कार्यक्रमबारे जानकारी गराउनु भएको थियो । पाँच सय शेयर सदस्य रहेको उक्त सहकारी संस्थाको आठ करोड भन्दा बढीको कारोवार रहेको छ ।

# अर्जुनचौपारीका युवा फोहोर ब्यवस्थापनमा सक्रिय

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ३२ असार**



ब्यवस्थापन केन्द्र बनेर ब्यवस्थित हुन नसकेको अर्जुनचौपारीगाउँपालिकाबजारको फोहोर ब्यवस्थापनमा युवाले चाँसो देखाएका छन् ।

एक बर्ष पहिला ७५ लाखको लागतमा फोहोर ब्यवस्थापन केन्द्र बनेपनि बजारमा संकलन भएको फोहोर केन्द्र बाहिर र सडकमा फालिएको थियो । पुरानो जनप्रतिनिधीले टोल–टोलमा एक ट्र्याक्टरको ५० प्रतिशत आर्थात दुई हजार दिने गरी छ महिना पहिला ब्यवस्थापन केन्द्रमा फाल्ने सम्झौता भएको थियो ।

सम्झौता अनुसार फोहोर ब्यवस्थापन हुनुपर्नेमा बाटो र केन्द्र बाहिर सयौ ट्र्याक्टर फोहोर फालिएपछि स्थानियले जनप्रतिनिधीको बिरोध गरेका थिए । अहिले पालिकासगँ समन्वय गरेर फोहोर ब्यवस्थापन गरेको युवा नरेश रोकाले बताए ।

समस्याको निराकरण गर्ने भन्दा पनि सामाजिक संजाल मार्फत दोषारोपण मात्रै गर्ने ब्यबहार देखिएपछि युवाहरु पुगेर ब्यवस्थापन गरेको रोकाले बताए । वडा अध्यक्ष, स्थानिय १५ जना युवाले डोजरको प्रयोग गरेर अब्यवस्थित ढंगले फालेको फोहोर ब्यवस्थापन गरिएको हो । सोच बदलौ, समाज बदलौ, जागौ उठौ युवा भन्ने नारा लिएर अर्जुनचौपारी गाउपालिकालाई फरक शैलीबाट बिकासको बाटोमा लान उर्जा थप्ने हेतुले फोहोरको ब्यवस्थापन गरेको रोकाले बताए । युवाहरुको टोलीले जल्ने फोहोलाई जलाएर र सिसालाई डोजरको माध्यमबाट खाडल खनेर पुरेको छ । युवाहरुको छ घण्टाको प्रयासमा फोहोर ब्यवस्थापन गरिएको बताइएको छ । तत्कालका लागि समस्या निराकरणका गर्न युवाको प्रयासलाई धन्यबाद दिदै पालिका अध्यक्ष प्रकाश तिवारीले दिर्घकालिन रुपमा फोहोर ब्यबस्थापनमा पालिकाले फरक शैली बनाएको बताए । कुहिने र नकुने फोहोर छुट्टाएर मात्र संकलन हुने गरेको थियो अध्यक्ष तिवारीले भने,'अब फोहोरको बर्गिकरण गर्दै नकुहिने सिसालाई फरक ढंगले संकलन गरिने छ ।' लाखौ खर्च गरेर निर्माण भएको फोहोर ब्यवस्थापन केन्द्र प्रयोगमा आउने बताउदै तिवारीले युवाकै माध्यमबाट फोहोरलाई आर्थिक आर्जन गर्ने बताए । फोहोर ब्यबस्थापनको जिम्मा लिएर सम्बन्धित ठाउमा नपुराई बाटो र सडकको छेउछाउमा लगेर फालिएको र सम्बन्धित ठाउँमा नपुराई छाड्ने साधनको सम्झौता रकम पालिकाले रोक्का समेत गरेको प्रमुख प्रसासकिय अधिकृत उज्वल बस्नेतले बताए ।

# चाउथेमा युआरएलको सेवा केन्द्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ३२ असार**

युनाइटेड रेफरेन्स ल्याबोरेटी प्रालि (युआरएल)ले पोखरा १४ को चाउथेमा सेवा केन्द्र खोलेको छ । पोखरा महानगरका विभिन्न क्षेत्र र गण्डकी प्रदेशबासीलाई स्थानीय रुपमै गुणस्तरीय ल्याब सेवा प्रदान गर्ने उद्देश्यले युआरएलले ११ औं स्थानमा सेवा विस्तार गरेको हो ।



य स अ ि घ युआरएललेपोखरामासभागृहचोकको केन्द्रीय कार्यालय, बाटुलेचौर, हस्पिटलचोक र शिशुवाबाट सेवा दिइरहेको छ । युआरएलले पोखराबाहिर लमजुङको बेसीसहर, स्याङ्जाका पुतलीबजार र वालिङ, तनहुँका दमौली र दुलेगौंडाबाट सेवा प्रदान गरिरहेको छ । सेवा सुरुआतको अवसरमा शनिबार युआरएल चाउथे परिसरमा निशुल्क शिविरसमेत आयोजना गरिएको छ । शिविरमा ३ सय ७ जनाको सित्तैमा मधुमेह तथा रगतमा हुने खराब बोसो (टिजी) जाँच गरिएको छ । शिविरमा अरु सबै प्रकारका जाँच र होलबडीका प्याकेजमा समेत ५० प्रतिशत छुट दिइएको छ । कार्यक्रममा वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले मधुमेह तथा टिजीबारे प्रकाश पारे । उनले उचित जीवनशैली, स्वास्थ्य सजगता र समयमै जाँच गरे धेरै रोगबाट बाच्न सकिने उल्लेख गरे । पोखरा १४ का वडाध्यक्ष बोधराज कार्कीले निजी स्वास्थ्य संस्थाले सामाजिक उत्तरदायित्व वहन गर्दै अघि बढ्नु प्रशंसनीय भएको विचार राखे । उनले भावी दिनमा युआरएल र चाउथे स्वास्थ्य क्लिनिकसँग सहकार्य गरिने बताए ।

युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले प्रदेशकै पहिलो र लोकप्रिय ल्याब भएकाले आफूहरु प्रदेशलाई रगत जाँचमा आत्मनिर्भर बनाउन लागेको उल्लेख गरे । उनले सामाजिक उत्तरदायित्व वहन गर्दै प्रदेशलाई रक्त परीक्षणमा आत्मनिर्भर बनाउने दिशामा संस्था लागेको बताए ।

गण्डकी प्रदेशका मुख्य सहरमा शाखा खोलेर प्रदेशका बासिन्दालाई गुणस्तरीय सेवा पुर्‍याउन युआरएल लागिपरेको युआरएलका अर्थ निर्देशक गणेश कोइरालाले बताए । उनले चाडै पोखराको विरौटा सेवा दिइने उनले उल्लेख गरे । सेवा केन्द्र सुरुआत भएको अवसरमा साउनभर सबै प्रकारका रगत जाँचमा ३० प्रतिशत छुट दिइने सञ्चालक मणि न्यौपानेले जानकारी दिए । उनले युआरएल चाउथेसँगै रहेको चाउथे स्वास्थ्य क्लिनिकले साउन ५ गतेबाट सेवा दिने बताए । पोखराको तेस्रो ठूलो वडा पोखरा १४ का बासिन्दाको माग र आवश्यकतालाई मध्यनजर गरी क्लिनिक र ल्याबसँगै सञ्चालन गरिएको उनको भनाइ छ ।

युआरएलले अहिलेसम्म करिब १ लाख सेवाग्राहीको सित्तैमा रगत जाँच गरेको छ । सामाजिक उत्तरदायित्व वहन गर्दै युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी १ सय १५ वटा निशुल्क स्वास्थ्य शिविर गरिसकेको छ ।

# स्वास्थ्य पत्रकार मञ्च गण्डकी प्रदेशको अध्क्षयमा बञ्जारा

**पोखरापत्र संवाददाता**
**असार, ३२ असार**

पत्रकारहरुको एक भेलाले स्वास्थ्य पत्रकार मञ्च गण्डकी प्रदेशले तदर्थ समिति गठन गरेको छ । समितिको अध्यक्षमा यदुनाथ अधिकारी चयन भएका छन् ।



पत्रकार महासंघ गण्डकी प्रदेश समितिको सचिव समेत रहेका बञ्जाराको अध्यक्षतामा सर्वसम्मत गठित कार्यसमितिको उपाध्यक्षमा सुरज श्रेष्ठ, महासचिव अनिशा श्रेष्ठ, कोषाध्यक्षमा पुष्प दाहाल चयन भएका छन । सदस्यहरुमा रिना थापा, विन्दु परियार र निरज पन्त चयन भएका छन ।

निर्वाचित कार्यसमितिलाई बधाई दिँदै नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका महासचिव गोविन्द सुवेदीले स्वास्थ्य क्षेत्रमा रहेका विकृति विसंगतिको उजागर र सर्वसुलभ स्वास्थ्यका लागि खवरदारी गर्न जरुरी रहेको बताए । पत्रकार स्थायी प्रतिपक्षी रहेकाले यो वा त्यो कारणले प्रभावित हुन नहुने उनले बताए । नवनिर्वाचित अध्यक्ष बञ्जाराले स्वास्थ्य क्षेत्रमा रहेका विकृति विसंगतिका विरुद्ध सशक्त कलम चलाउने र स्वास्थ्य क्षेत्रमा कलम चलाउने पत्रकारलाई धेरैभन्दा धेरै समेटेर उनीहरुको हकहितमा काम गर्ने प्रतिवद्धता जनाए । भेलामा पोखरामा रहेर स्वास्थ्य क्षेत्रमा समाचार लेख्ने ३ दर्जन पत्रकार हरुको सहभागीता रहेको थियो ।

# आयुर्वेदमा बढ्दो आकर्षण

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३२ असार**

पछिल्लो समय आयुर्वेदिक औषधिको प्रयोग र आर्युवेदिक उपचार पद्धतिमा सर्वसाधारण बिरामीको आकर्षण बढ्दो छ । बागलुङमा रहेका ६ आयुर्वेद औषधालय र तीन नागरिक आरोग्य केन्द्रमा आउने बिरामीको सङ्ख्याले पनि आयुर्वेदिक औषधिको प्रभाव तथा आर्युवेदिक उपचार पद्धतिमा सर्वसाधारणको आकर्षण बढ्दो देखाएको छ ।

बागलुङको कूल जनसङ्ख्याको १० प्रतिशत सर्वसाधारण चालु आर्थिक वर्षमा आयुर्वेदिक पद्धतिबाट औषधि उपचारका लागि आर्युवेदिक स्वास्थ्य केन्द्रमा पुगेका छन् । अठ्ठाइस हजार ९३८ बिरामीले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आयुर्वेदिक पद्धतिबाट उपचार सेवा लिएको तथ्याङ्क छ । बागलुङ नगरपालिकामा रहेको धौलागिरि आयुर्वेदिक औषधालय, बलेवा आयुर्वेदिक औषधालय, जैमिनीमा रहेको दमेक आयुर्वेदिक औषधालय, जैदी आयुर्वेदिक औषधालय, काठेखोला गाउँपालिकामा रहेको बिहुँ आयुर्वेदिक औषधालय र ढोरपाटन नगरपालिकामा रहेको बुर्तिबाङ आयुर्वेदिक औषधालय तथा बडिगाड, बरेङ र ताराखोला गाउँपालिकामा रहेका नागरिक आरोग्य केन्द्रबाट बिरामीले आयुर्वेदिक पद्धतीबाट उपचार सेवा लिएका हुन् । यहाँका आयुर्वेदिक औषधालय तथा नागरिक आरोग्य केन्द्रले आफैँले उत्पादन गरेको औषधि र आयुर्वेदिक पद्धतिका प्रचलित विधिबाट बिरामीको उपचार गर्ने गरेका छन् । बागलुङका आयुर्वेदिक औषधालयले आर्थिक वर्ष २०७८/७९ मा ६६० किलो औषधिको उत्पादन गरेर सर्वसाधारण बिरामीको उपचारमा खर्च गरेका छन् । दुई वर्षअघि कोरोना सङ्क्रमणका बेला गुर्जोलगायतका विभिन्न जडीबुटीको सेवनलाई सरकारले प्राथमिकता दिएको थियो । त्यसयता बागलुङमा आयुर्वेदिक औषधिको माग र प्रयोग बढ्दो छ । चालु आवमा मात्रै दमेक आयुर्वेदिक औषधालय जैमिनी-२ दमेकले ३१४ किलो, धौलागिरि आयुर्वेदिक औषधालय बागलुङले ३०६ किलो र बलेवा आयुर्वेदिक औषधालय बागलुङले ४० किलो चूर्ण औषधि उत्पादन गरेका हुन् । जिल्लास्थित आयुर्वेद औषधालयको चालु आवको वार्षिक समीक्षा गोष्ठीमा उक्त तथ्याङ्क प्रस्तुत भएको हो । दमेक आयुर्वेदिक औषधालयका प्रमुख डा लक्ष्मीप्रसाद शर्माका अनुसार यो अवधिमा सबैभन्दा धेरै औषधि ग्यास्ट्रिकका बिरामीले लिएका छन् । हाडजोर्नी, नसा च्यापिएको, दीर्घरोगी र अन्य विभिन्न खालका बिरामी औषधिका लागि औषधालय आउने गरेका छन् । सीमित दरबन्दी तथा साधन स्रोतका बीच आयुर्वेदिक औषधि उत्पादन र वितरणमा काम जिल्लाभरिका औषधालय तथा नागरिक आरोग्य केन्द्रबाट भइरहेको धौलागिरि आयुर्वेदिक औषधालयका प्रमुख सरोजकुमार रायले बताउनुभयो ।

वार्षिक समीक्षा कार्यक्रममा सबै औषधालयका प्रमुखले आफ्नो क्षेत्रमा भएका कामको प्रगति विवरण पेश गर्नुभएको थियो।कार्यक्रममानगरपालिकाभित्रको बलेवाआयुर्वेदिकऔषधालयतर्फका कविराज निरीक्षक हरिप्रसाद पौडेलले प्रस्तुतीकरण गर्नुभयो । कार्यक्रममा उपस्थित सबैले सीमित दरबन्दी, कम बजेट र तोकिएको बजेट पनि समयमा निकासा नहुने समस्याबारे बताउनुभएको थियो । कतिपय अवस्थामा बजेट भए पनि अन्यत्र रकमान्तर भएर नआएपछि औषधि खरिद तथा उत्पादनमा समेत समस्या परेको पनि बताउनुभयो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले समस्या समाधानमा आफ्नो सहयोग रहने बताउनुभयो ।

# दुर्घटनामा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, ३२ असार**

तनहुँको व्यास नगरपालिका-११ शेरामा स्कुल बस र मोटरसाइकल ठक्कर खाँदा शनिबार एक जनाको मृत्यु भएको छ । सोही वडामा रहेको माया युनिभर्स एकेडेमी स्कुलको बस र मोटरसाइकल ठोक्किँदा मोटरसाइकलमा सवार युवाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा सोही वडाको बेल्टारी बस्ने २३ वर्षीय विक्रम सुनार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक २२ वर्षीय सुजन सुनार घाइते भएको प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा घाइतेको दमौलीस्थित अस्पतालमा उपचार भइरहेको छ ।

घाँसीकुवाबाट फराकचौरतर्फ जाँदै गरेको ग१क २६८३ नंको बस र विपरीत दिशाबाट आउँदै गरेको ग१५प ६५०४ नंको मोटरसाइकल एकापसमा ठोक्किएको थियो ।

# फेवा वेगनास चौतारीको वृक्षारोपण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**असार, ३२ असार**

लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीले शनिबार वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर २८ कालिकाको विमिरापानीमा आयोजना गरिएको कार्यक्रममा बडहर, राइखनियो, इपिललिपिल, कटहर, बेलपत्र, पारिजात, अमला, टिमुर, कुरिलो, निमपत्ता, बाँस, टाँकी लगायतका गरी झण्डै एक हजार थान विरुवा रोपिएको क्लबले जनाएको छ । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अफ इन्टरनेशनल डिष्ट्रिक ३२५ जे नेपालका डिष्ट्रिक चिफ सन्तोष घिमिरेले स्थानिय रुद्रप्रसाद पौडेललाई विरुवा हस्तान्तरण गरेर शुभारम्भ भएको कार्यक्रममा बोल्दै घिमिरेले फेवा वेगनास चौतारी सामाजिक कार्यमा सक्रियता देखाउदै आएको बताए । वृक्षारोपण कार्यक्रम मार्फत कालिकाका स्थानियबासीसँग जोडिन पाएकोमा क्लबका संस्थापक अध्यक्ष समेत रहेका उनले खुशी व्यक्त गरे । लायन्स क्लब अफ




पोखरा सिर्जना चौतारीका पूर्व अध्यक्ष तथा डिष्ट्रिक को-चिफ जित बहादुर थापा गोपालले एकैपटक झण्डै एक हजार विरुवा संकलन गरेर स्थानियलाई समेत अपनत्व हुने गरी कार्यक्रम गरेकोमा प्रंशसा गरे । आफूले गर्ने सामाजिक कार्यक्रम मार्फत क्लबले डिष्ट्रिकमा बेग्लै पहिचान बनाउने विश्वास उनले गरे ।

क्लबका अध्यक्ष राजाराम पौडेलको अध्यक्षतामा भएको कार्यक्रममाबोल्दै अध्यक्ष पौडेलले आफ्नै ठाउँमा केही गरौं भन्न सोचका साथ आफ्नो कार्यकालको पहिलो कार्यक्रममा जन्मठाउँमा गरेको बताए । आफ्नै ठाउँमा कार्यक्रम गर्दा विरुवाको रेखदेख गर्न सहजता हुने भनाई उनको थियो । आगामी दिनमा समेत विभिन्न सामाजिक कार्यक्रमका साथ गाउँमा उपस्थित हुने वाचा उनको थियो । कार्यक्रममा डिष्ट्रिक मेम्बर तथा क्लबका निवर्तमान अध्यक्ष महेश्वर रिमाल, क्लबका उपाध्यक्ष चित्रबहादुर गुरुङ, सचिव टिका बहादुर लम्साल, कोषाध्यक्ष महेश सुनार, स्थानिय सामाजिक व्यक्तित्व कृष्णप्रसाद पौडेल, सुरज पौडेलले बोलेका थिए । आफ्नै ठाउँमा आफूलाई आवश्यक पर्ने विरुवा प्राप्त गर्दै वृक्षारोपण गर्न पाएकोमा सहभागी स्थानियले खुशी व्यक्त गरे । रोपिएका फूल तथा डालेघाँसका विरुवालाई आवश्यक रेखदेख गर्ने स्थानियबासीको प्रतिवद्धता थियो । फेवा वेगनास चौतारीले विभिन्न सामाजिक कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिँदै समाजसँग जोडिने जनाएको छ ।